# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालबाट सूचनाको हक सम्बन्धी कार्यक्रमलाई सम्बोधन

गभर्नर डा. चिरंजीबि नेपालले जेठ ७ गते शुक्रवार नेपाल राष्ट्र बैंक र राष्ट्रिय सूचना आयोगद्वारा संयुक्त रुपमा आयोजित सूचनाको हक सम्बन्धमा बैंकिङ क्षेत्रको दायित्व विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुभयो ।




सो सम्बोधनमा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले निकै पहिलेदेखि  प्रवक्ता, सहप्रवक्ता, सूचना शाखा, सूचना अधिकारी, सहायक सूचना अधिकारी आदिको व्यवस्था गरी सर्वसाधारणहरूलाई आवश्यक सूचना प्रवाह गरिरहेको र बैंक तथा वित्तीय संस्थाहरूलाई २०७० सालमा नै सूचना अधिकारी तोक्न निर्देशन दिएको उल्लेख गर्नु हुँदै नेपालको बैंकिङ क्षेत्रमा रहेको पारदर्शिताका सम्बन्धमा प्रकाश पार्नुभयो ।

बैंक तथा वित्तीय संस्थाले छरिएर रहेको पुंजी एकत्रित गरी व्यवसाय गर्ने भएकोले बैंकिङ क्षेत्रमा सूचनाको अझ बढी महत्व रहेको वास्तविकता गभर्नर डा. नेपालले सो कार्यक्रममा स्पष्ट पार्नुभयो । बैंकिङ व्यवसायलाई विश्वासको व्यवसाय भन्नु हुँदै उहाँले आफ्नो वित्तीय अवस्था बारे यथार्थ जानकारी दिइरहने संस्थाले बढी विश्वास आर्जन गर्न सक्ने र व्यवसायमा पनि प्रगति गर्न सक्ने धारणा व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त तथा आयुक्तहरू लगायतले सूचनाको हक सम्बन्धमा बैंकिङ क्षेत्रको दायित्वका विविध पक्षहरू बारे चर्चा गर्नुका साथै कार्यक्रममा सहभागीहरूबाट उठाइएका जिज्ञासाहरूलाई सम्बोधन गर्नु भएको थियो । उहाँहरूले सूचना हरेक व्यक्तिको मौलिक अधिकारको रूपमा रहेको र प्रत्येक सार्वजनिक निकायले सूचना प्रदान गर्नु पर्ने दायित्व रहेको जानकारी गराउनु भएको थियो ।



कार्यक्रममा नेपाल राष्ट्र बैंकका विशिष्ट श्रेणीका लगायत अन्य अधिकृतहरू, बैंक तथा वित्तीय संस्थाका प्रमुखहरू र पत्रकारहरूको उपस्थिति रहेको थियो ।

२०७३ जेठ ७, शुक्रबार

गभर्नरको कार्यालय